# वित्तीय मध्यस्थता सम्बन्धी नियमावली, २०५६

(पहिलो संशोधन २०६० सहित)

नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय

बैंक तथा वित्तीय संस्था नियमन विभाग

# वित्तीय मध्यस्थता सम्बन्धी नियमावली, २०५६

स्वीकृत मिति
संशोधन  २०६०/१२/२
वित्तीय मध्यस्थता सम्बन्धी (पहिलो संशोधन) नियमावली २०६०

वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंकले श्री ५ को सरकारको स्वीकृति लिई देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम " वित्तीय मध्यस्थता सम्बन्धी नियमावली, २०५६" रहेको छ ।

+(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा :

(क) "ऐन" भन्नाले वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५ सम्झनु पर्छ ।

(ख) "प्रबन्ध समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रवन्ध समिति सम्झनु पर्छ ।

(ग) "जोखिम व्यहोर्ने कोष" भन्नाले नियम १० बमोजिम खडा गरिएको कोषलाई सम्झनु पर्छ ।

*(घ) ................................

३. समूह गठनको प्रकृया : **(१) लघु व्यवसाय सञ्चालन गर्ने प्रयोजनको लागि एउटा समूहमा ४ जनादेखि १० जनासम्म न्यून आय भएका व्यक्तिहरु रहने गरी बेग्लाबेग्लै समूह गठन गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिमको समूहको गठन सम्बन्धित न्यून आय भएका व्यक्तिहरु वा सम्बन्धित संस्थाको अगुवाइमा हुनेछ ।

(३) समूहमा सदस्य हुन चाहने न्यून आय भएका व्यक्तिहरुको योग्यता देहाय बमोजिम हुनु पर्नेछ :-

(क) सामूहिक हितको निमित्त **लघु व्यवसायमा सहभागी हुन र सो को माध्यमबाट समूहको आर्थिक स्थितिमा सुधार ल्याउन **प्रतिवद्ध रहेको,
(ख) नेपाली नागरिक,
(ग) १६ वर्ष उमेर पुगेका,
(घ) मानसिक सन्तुलन ठीक भएको,

---

+ मिति ........देखि प्रारम्भ भएको ।
* पहिलो संशोधनद्धारा झिकिएको ।
** पहिलो संशोधनद्धारा संशोधित ।

(ङ) संस्थाको कार्यक्षेत्र भित्र बसोवास गरेको,

(च) समान उद्देश्यले गठन गरिएको अन्य कुनै समूहको सदस्य नरहेको, र

(छ) लघु कर्जाको महत्व सम्बन्धी ज्ञान भएको ।

४. <u>अनुमतिको लागि निवेदन दिनु पर्ने :</u> (१) वित्तीय मध्यस्थताको काम गर्न चाहने संस्थाले अनुसूची-१ बमोजिमको ढांचामा बैंक समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिम निवेदन दिंदा ऐनको दफा ४ मा उल्लिखित विवरणका अतिरिक्त देहाय बमोजिमका विवरण तथा कागजातहरु पेश गर्नु पर्नेछ :-

(क) संस्थाका पदाधिकारीहरुको नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र हालसालै खिचिएको राहदानी आकारको फोटो,

(ख) संस्थाले हालसम्म सम्पादन गरेका कामहरुको संक्षिप्त विवरण,

(ग) संस्थाको अघिल्लो आर्थिक वर्षको लेखापरिक्षण प्रतिवेदन,

(घ) समाज कल्याण परिषदको संस्था आवद्ध भएको भए सो प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,

(ङ) संस्थाले वित्तीय मध्यस्थताको काम गर्न चाहेको भौगोलिक क्षेत्र तथा सो क्षेत्रमा बसोवास गर्ने वासिन्दाको रहनसहन, पेशा, गरिवी, बेरोजगारी आदिको संक्षिप्त परिचय,

(च) संस्थाको गत वर्षको तथा आगामी ३ वर्षको अनुमानित आय-व्यय विवरण र कार्य योजना,

(छ) संस्थाले स्वदेशी वा विदेशी संघ, संस्था वा व्यक्तिबाट ऋण वा अनुदान लिने सम्बन्धमा सम्झौता गरेको भए सो को प्रमाणित प्रतिलिपि, र

(ज) संस्थाको कारोवार वन्द भएमा वा अन्य कुनै कारणले दायित्व भुक्तानी गर्नु परेमा संस्थाका संस्थापकहरुले आ-आफ्नो घर घरानाबाट वा चल अचल सम्पत्तिबाट तिर्न मंजुर गरेको मंजुरीनामाको प्रमाणित प्रतिलिपि ।

५. <u>अनुमति पत्र दिनु पर्ने :</u> (१) नियम ४ बमोजिम निवेदन पर्न आएमा बैंकले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्दा थप जानकारी वा विवरण लिन आवश्यक देखेमा त्यस्तो निवेदन दिने संस्थासंग थप जानकारी वा विवरण माग गर्न सक्नेछ ।

(२) अनुमतिपत्रका लागि उप-नियम (१) बमोजिम परेको निवेदन उपर जांचबुझ गर्दा बैंकले अनुमतिपत्र दिन उपयुक्त देखेमा अनुसूची-२ बमोजिमको ढाँचामा अनुमति पत्र दिनेछ ।

**(३) उपनियम (२) बमोजिम अनुमतिपत्र दिदा वा अस्वीकृत भएको जानकारी दिंदा निवेदन प्राप्त भएको मितिले वा उपनियम (१) बमोजिम थप जानकारी वा विवरण माग गरिएकोमा त्यस्तो जानकारी वा विवरण प्राप्त भएको मितिले ऐनको दफा ५ को उपदफा (३) बमोजिम बढीमा पचहत्तर दिनभित्र बैंकले त्यस्तो अनुमतिपत्र वा अस्वीकृत भएको जानकारी दिनु पर्नेछ ।

*(४) ..................................................

(५) उपनियम (२) बमोजिम बैंकले अनुमतिपत्र दिंदा अनुमति पत्र दस्तुर वापत रु.**१००।- बैंकमा बुझाएको भौचर संस्थासंग लिनु पर्नेछ ।

**(६) बैंकले उपनियम (२) बमोजिम अनुमतिपत्र दिंदा आवश्यक शर्तहरु तोक्न सक्नेछ र ती शर्तहरुको पालना गर्नु सो संस्थाको कर्तव्य हुनेछ ।

६. नवीकरण गर्नुपर्ने : **(१) संस्थाले प्रत्येक दुई वर्षमा आफूले पाएको अनुमतिपत्र नवीकरण गर्न अनुमतिपत्रको म्याद समाप्त हुनुभन्दा पैतीस दिन पहिले नै बैंकमा निवेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुमतिपत्र नवीकरण गराउन बैंकमा निवेदन दिंदा देहाय बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ :-

**(क) ऐनको दफा ३२ बमोजिमको वार्षिक प्रतिवेदन र बैंकले तोकेको अन्य वित्तीय विवरण,

(ख) संस्था दर्ता ऐन, २०३४ बमोजिम संस्थाको दर्ता नवीकरण गरिएको प्रमाणपत्र पत्रको प्रमाणित प्रतिलिपि,

(ग) संस्थाको व्यवस्थापन, उद्देश्य, कार्यक्षेत्र आदिमा कुनै किसिमको परिवर्तन भएको भए सो को विवरण,

(घ) नवीकरण दस्तुर वापत रु. **१००।- बैंकमा बुझाएको भौचर, र

(ङ) बैंकले तोकेको अन्य आवश्यक कुराहरु ।

(३) बैंकले अनुमतिपत्र प्रदान गर्दा तोकेको शर्तहरु र समय समयमा दिएको निर्देशन संस्थाले पालना नगरेको भनि बैंकलाई लागेमा सो अनुमतिपत्र रद्द गर्न वा अनुमतिपत्र नवीकरण नगर्न सक्नेछ ।

**(४) उपनियम (१) बमोजिम तोकिएको समयभित्र कुनै संस्थाले आफूले पाएको अनुमतिपत्र नवीकरण नगरेमा बैंकले त्यस्तो अनुमतिपत्र रद्द गर्न सक्नेछ ।

***६क. सम्पत्ति विक्री गर्नुपर्ने : ऐनको दफा ११ को उपदफा (५) बमोजिम संस्थाले सकार गरेको सम्पत्ति एक वर्षभित्र विक्री गरिसक्नु पर्नेछ ।

---

** पहिलो संशोधनद्वारा संशोधित ।

* पहिलो संशोधनद्वारा संशोधित ।

*** पहिलो संशोधनद्वारा थप गरिएको ।

७. <u>बैंकले निरीक्षण ***तथा जांचबुझ गर्न सक्ने :</u> (१) बैंकले संस्थाको जुनसुकै कार्यालय जुनसुकै बखत स्थलगत वा बैंकमा नै कागजात झिकाई निरीक्षण वा जाँचबुझ गर्न वा गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निरीक्षण वा जाँचबुझ गर्ने अधिकारीले मागेको हिसाव किताव, कागजात र संस्था सम्बन्धी आवश्यक सूचना दिनु संस्थाका सम्बन्धित पदाधिकारी तथा कर्मचारीको कर्तव्य हुनेछ ।

(३) उपनियम (१) बमोजिम निरीक्षण वा जाँचबुझको क्रममा देखिएको कुराहरुको सम्बन्धमा बैंकले आवश्यक निर्देशन दिन सक्नेछ र यस्तो निर्देशन पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

(४) निरीक्षण वा जाँचबुझको सिलसिलामा निरीक्षण वा जाँचबुझ गर्ने अधिकारीले संस्थाको पदाधिकारी, कर्मचारी वा ग्राहकसंग लिखित वयान लिन वा कागज गराउन सक्नेछ ।

८. <u>निर्देशन दिन सक्ने :</u> संस्थाले गर्नु पर्ने काम कारवाईको सम्बन्धमा बैंकले संस्थालाई ऐनको दफा १८ बमोजिम समय समयमा निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

९. <u>कोष सञ्चालन</u> **(१) संस्थाले ऐनको दफा २४ बमोजिम संस्थाको कोषमा जम्मा हुन आएको रकम कुनै वाणिज्य बैंक वा वित्तीय संस्थामा खाता खोली जम्मा गर्नु पर्नेछ ।

**(२) उपनियम (१) बमोजिम वाणिज्य बैंक वा वित्तीय संस्थामा खोलिएको खाता संस्थाको कार्यकारी प्रमुख र लेखा हेर्ने पदाधिकारी वा कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन गर्नु पर्नेछ ।

**(३) संस्थाले आफ्नो दैनिक कारोवार सञ्चालनको लागि प्रबन्ध समितिबाट निर्णय गराई सानो नगदी कोषको व्यवस्था गर्न सक्नेछ ।

***(४) ऐनको दफा २४ को उपदफा (१) को खण्ड (ख) बमोजिम संस्थाको सदस्यहरुबाट प्राप्त शुल्क मध्ये कम्तीमा पचास प्रतिशत शुल्क संस्थाको कोषमा जम्मा गर्नु पर्नेछ ।

१०. <u>जोखिम व्यहोर्ने कोष खडा गर्नु पर्ने :</u> (१) संस्थाले लघु कर्जा प्रवाह गर्दा हुने संभावित हानी नोक्सानी व्यहोर्ने प्रयोजनको लागि जोखिम व्यहोर्न कोष खडा गर्न प्रत्येक आर्थिक वर्षको अन्तिम दिनसम्म लगानीमा रहिरहेको वांकी कुल कर्जालाई भाखा ननाघेको र भाखा नाघेको अवधिको आधारमा चार प्रकारले वर्गीकरण गरी भाखा नाघेको कर्जाको लागि जोखिम व्यहोर्ने कोष खडा गर्नु पर्नेछ ।

(२) उप नियम (१) बमोजिम वर्गीकरण गर्दा भाखा ननाघेकोलाई असुल कर्जा ६ महिनासम्म भाखा नाघेकोलाई कमसल कर्जा ६ महिनाभन्दा बढी १ वर्षसम्म भाखा नाघेकोलाई शंकास्पद कर्जा र १ वर्षभन्दा बढी भाखा नाघेकोलाई खराव कर्जाको रुपमा वर्गीकरण गर्नु पर्नेछ ।

---

*** पहिलो संशोधनद्धारा थप गरिएको ।

** पहिलो संशोधनद्धारा संशोधित ।

(३) संस्थाले किताबन्दीमा असुल उपर हुनेगरी प्रवाह गरेको कर्जालाई प्रत्येक किस्ताको भाखा ननाघेको र भाखा नाघेको अवधिको आधारमा उपनियम (२) बमोजिम वर्गीकरण गर्नु पर्नेछ ।

तर किस्तावन्दीमा असुल हुने गरी कुनै ऋणीलाई प्रवाह गरेको कर्जाको कुनै एउटा किस्ताको १ वर्षभन्दा बढी भाखा नाघेमा सो ऋणीको नाउंमा रहेको सम्पूर्ण कर्जालाई खराब कर्जाको रुपमा वर्गीकरण गर्नु पर्नेछ ।

(४) असल कर्जाको लागि जोखिम व्यहोर्ने कोष व्यवस्था गर्नु पर्नेछैन । कमसल कर्जाको दश प्रतिशत, संकास्पद कर्जाको पचास प्रतिशत र खराब कर्जाको शत प्रतिशतका दरले जोखिम व्यहोर्ने कोष व्यवस्था गर्नु पर्नेछ ।

*(५)............................

११. सुरक्षणमा राखेको अचल सम्पत्ति रोक्का गर्नु पर्नेः (१) संस्थाले लघु कर्जा प्रवाह गर्दा ऋणीबाट सुरक्षणमा कुनै **.... सम्पत्ति सुरक्षणमा लिएको भए त्यस्ता **.... सम्पत्ति रोक्का गर्नको लागि सो सम्पत्तिको संक्षिप्त विवरण खुलाई सम्बन्धित **.... कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम संस्थाबाट लेखी आएपछि सम्बन्धित**.... कार्यालयले सो **.... सम्पत्तिको श्रेस्तामा रोक्का जनाई संस्थालाई लिखितरुपमा रोक्का भएको जानकारी दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम सम्बन्धित **.... कार्यालयबाट प्राप्त हुन आएको **.... सम्पत्ति रोक्का भएको जानकारीपत्र संस्थाले सम्बन्धित ऋणीको कर्जाको मिसिलमा संलग्न गरी राख्नु पर्नेछ ।

१२. संस्थाले गर्न नहुने काम : संस्थाले देहाय बमोजिमका कामहरु गर्न हुने छैन :

(क) कुनै संगठित संस्थाको शेयर वा डिवेन्चर खरिद गर्न,
***.... तर बैंकको स्वीकृति लिई लघुवित्तको कारोवार गर्ने संगठित संस्थाको शेयर वा डिवेन्चर खरिद गर्न भने रोक लगाएको मानिने छैन ।

(ख) प्रबन्ध समितिको पदाधिकारी वा निजका एकाघरको परिवारको सदस्यलाई लघु कर्जा प्रवाह गर्न,

*(ग) ..................

(घ) संस्थाको आफ्नै प्रयोजनको लागि अत्यावश्यक सम्पत्ति वाहेक व्यापारिक उद्देश्यले चल अचल सम्पत्ति खरीद गर्न,

*(ङ) ..................

---

* पहिलो संशोधनद्धारा झिकिएको ।

** पहिलो संशोधनद्धारा संशोधित ।

*** पहिलो संशोधनद्धारा थप गरिएको ।

*१३. ..............................

१४. <u>निर्देशिका बनाउन सक्ने</u>: बैंकले ऐन र यस नियमावलीको अधीनमा रही वित्तीय मध्यस्थता सम्बन्धी आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ र त्यस्तो निर्देशिकाको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**१५. <u>अनुसूचीमा थपघट तथा हेरफेर :</u> बैंकले आवश्यकता अनुसार अनुसूचीमा थपघट तथा हेरफेर गर्न सक्नेछ ।

---

* पहिलो संशोधनद्धारा खारेज गरिएको ।

** पहिलो संशोधनद्धारा संशोधित ।

अनुसूची-१

(नियम ४ को उपनियम (१) संग सम्बन्धित)

# वित्तीय मध्यस्थताको काम गर्ने अनुमतिको लागि बैंकमा दिने निवेदन

श्री नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
....................विभाग
वालुवाटार, काठमाण्डौ ।

विषयः वित्तीय मध्यस्थताको काम गर्ने अनुमतिपत्र पाउं ।

महोदय,

वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५ को दफा ४ र वित्तीय मध्यस्थता सम्बन्धी नियमावली, २०५६ को नियमन ४ को उप-नियम (१) बमोजिम वित्तीय मध्यस्थताको काम गर्ने स्वीकृति पाउनको लागि देहायका विवरणहरु संलग्न गरी यो निवेदन पेश गरेका छौं ।

संलग्न विवरणहरु

१.
२.
३.
४.
५.
६.
७.

निवेदक,

प्रबन्ध समितिका पदाधिकारीहरु

१.
२.
३.
४.
५.

द्रष्टव्यः प्रबन्ध समितिका पदाधिकारीहरुमध्ये वहुमतले निवेदनमा दस्तखत गरेको हुनुपर्नेछ ।

अनुसूची-२

(नियम ५ को उपनियम (२) संग सम्बन्धित)

नेपाल राष्ट्र बैंक अनुमति पत्र नं. ......

## नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यलय

बैंक तथा वित्तीय संस्था नियमन विभाग

### वित्तीय मध्यस्थताको काम गर्ने अनुमति पत्र

श्री ५ को सरकार, गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय ............................ मा संस्था दर्ता ऐन, २०३४ अन्तर्गत मिति ...................... मा दर्ता नं. ................. अन्तर्गत दर्ता भएको .................................... लाई वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५ को दफा ६ को उपदफा (१) बमोजिम यस बैंकबाट तोकिएका संलग्न शर्तहरुको अधीनमा रही वित्तीय मध्यस्थताको काम गर्न वित्तीय मध्यस्थता सम्बन्धी नियमावली २०५६ को नियम ५ को उपनियम (२) बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।

मिति :................................                                        कार्यकारी निर्देशक